मितिः २०८१/१०/१४

समयः बिहान ८.३० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा वसि देहायको निर्णय गरियो ।

<u>तपसिलः-</u>

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री ~~लक्ष्मीराम शर्मा पौडेल~~ [illegible] श्रेष्ठ | का.वा. वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री राजकुमार भट्टराई | का.वा. वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

**अन्य उपस्थितीः-**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | उपसचिव | |
| २ | श्री सुर्यनाथ कोइराला | अधिकृत आठौं | |
| ३ | श्री कल्पना अधिकारी | वरिष्ठ अधिकृत आठौं | |
| ४ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ५ | श्री कञ्चन खनाल | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ७ | श्री शम्भुराज श्रेष्ठ | वरिष्ठ इञ्जिनियर | |
| ८ | श्री करन बहादुर कठायत | पशु विकास अधिकृत | |
| ९ | श्री खेमराज वाग्ले | कृषि विकास अधिकृत | |
| १० | श्री नारायण प्रसाद तिमिल्सिना | अधिकृत छैठौं | |
| ११ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |

**प्रस्तावः-**

१. अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव सम्बन्धमा ।

२. नगर सभाको समिक्षा सम्बन्धमा ।

३. वडास्तरीय योजना कार्यान्वयन सम्बन्धमा ।

४. संघ र प्रदेश कृषि अनुदान बाँडफाँड सम्बन्धमा ।

५. विविध ।

## निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८१/०९/२५ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

नागार्जुन नगरपालिकालाई प्राप्त कृषि विकास शाखाको संघीय र प्रदेशस्तरीय अनुदान कार्यक्रम आर्थिक विकास समितिको मिति २०८१/१०/०९ गतेको निर्णयानुसार निम्न बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

संघीयस्तर:

| क्र.सं. | छनौट भएका कृषि फर्मको नाम | संचालकको नाम | ठेगाना | बजेट रू. |
|---|---|---|---|---|
| १ | सम्पन्न कृषि फार्म | शोभा पुरी | नागार्जुन नगरपालिका वडा नं. ६ | ६००,००० |
| २ | श्री महादेव अर्गानिक कृषि फर्म | नरजन बुढा | नागार्जुन नगरपालिका वडा नं. ७ | ६००,००० |

प्रदेशस्तर:

| क्र.सं. | कार्यक्रममा छनौट भएका कृषि फर्म/समूहको नाम | संचालकको नाम | ठेगना | कार्यक्रमको नाम | वजेट रू. |
|---|---|---|---|---|---|
| १ | इचंगु नारायण पुष्प कृषक समूह | सृजना आचार्य | ना. न. पा. ३ | पुष्प खेती प्रवर्द्धन | १५००,००० |
| २ | सिताके नेपाल कृषि फर्म | दिलीप राजवहाक | ना. न. पा. ६ | सिताके च्याउ प्रवर्द्धन | १०००,००० |
| ३ | रामकोट फ्लोरा एण्ड एग्रो फर्म | सुलोचना गिरी | ना. न. पा. ७ | पुष्प खेती प्रवर्द्धन | ५००,००० |
| ४ | सिदेश्वर महादेव कृषि तथा पर्यटन फर्म | सुवास लामिछाने | ना. न. पा. ७ | पुष्प खेती प्रवर्द्धन | ५००,००० |
| ५ | शिवनाथ आर्गनिक कृषि फर्म | प्रेमकला रावल | ना. न. पा. ५ | प्राङ्गारिक कृषि प्रवर्द्धन | ५००,००० |
| ६ | कुन्जोसोम फ्याफुल्ला मल्टिपर्पोज फर्म | राजकुमार तामाङ | ना. न. पा. ७ | सिताके च्याउ प्रवर्द्धन | १५००,००० |
| ७ | भिमढुङ्गा मौरीपालन कृषक समुह | जुना खनाल | ना. न. पा. ८ | मौरी प्रवर्द्धन | ७००,००० |
| ८ | रंगी बिरंगी पुष्प उत्पादक कृषक समुह | लक्ष्मी आचार्य | ना.न.पा. ८ | कागती खेती प्रवर्द्धन | १०००,००० |
| ९ | कल्लबारी बाख्रा पालन तथा कृषि फर्म | भिम ब. तामाङ | ना.न.पा. ६ | पुष्प खेती प्रवर्द्धन | ५००,००० |
| जम्मा | | | | | ७७००,००० |

निर्णय नं. ३

नागार्जुन नगरपालिका वडा नं. ७ स्थित रवि कुमार पौडेलको माटो, ईट्टा, काठ र टिनले बनेको दुई तल्लो गोठमा मिति २०८१/१०/०४ गते अन्दाजी ७.३० बजे अचानक आगलागी भई गोठमा रहेको पराल, काठपात, पाइप र अन्य घरायसी सामान जलीनष्ट भई क्षति भएको हुँदा क्षतिपूर्ति पाउँ भनि प्रहरी वृत्त स्वयम्भूको प.सं. २०८१/०८२, च.नं. ७३५, मिति २०८१/१०/०६ गतेको पत्रबाट समेत क्षति भएको व्यहोरा जानकारी लेखि आएकोले निजलाई आर्थिक सहयोग स्वरूप रकम रू.१०,०००/- (दश हजार) यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको प.सं. Div-10/०८१-०८२, च.नं. ३२७८६, मिति २०८१/०९/२१ गतेको पत्रबाट प्राप्त सुझावहरू माथि छलफल गरियो ।

निर्णय नं. ५

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा पेश भएका विवरणहरूको मूल्यांकन गर्दा आ.व. २०८०/०८१ मा यस नगरपालिकाले ९२ अंक, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन **(FRA)** ९४.५ अंक र स्थानीय आर्थिक विकास मूल्यांकन **(LED)** ८५ अंक प्राप्त भएकोले अनुमोदन गरी नगरपालिकाको वेवसाइट तथा सूचना पाटी मार्फत सार्वजनिक गरी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं, श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा र श्री जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंमा जानकारी पठाउने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिका वडा नं. ६ स्थित बिन्दवासिनी मन्दिर निर्माण उपभोक्ता समितिको निवेदन अनुसार निवेदक समितिलाई विभिन्न सामाजिक कार्यहरू गर्नको लागि ५० थान प्लाष्टिकका मेच आवश्यक भएको भनि निवेदन पेश गरेको हुँदा उक्त समितिलाई यस नगरपालिकाको फर्निचर तथा फिक्सचर्स शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी प्लाष्टिकका मेच उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

काठमाडौं जिल्ला तेक्वान्दो संघको च.नं. ४६१/०८१/०८२, मिति २०८१/०९/२९ को प्राप्त पत्रानुसार मित्र राष्ट्र भारतको पुने सहरमा मिति २०८१/१०/०९ गतेदेखि १३ गतेसम्म सञ्चालन हुने तेक्वान्दो निर्णायक तालिममा यस नगरपालिका वडा नं. ८ बस्ने श्री अस्मिता खड्का सहभागि हुन लागेको र खेलाडीस्को वृत्ति विकास, हौसला वृद्धिका एवम् मनोवल उच्च बनाउने कार्यको लागि आर्थिक सहयोग उपलब्ध गराईदिन सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ७२३, मिति २०८१/१०/०२ गतेको पत्रबाट सिफारीस भई आएकोले निजलाई खेल प्रयोजन स्वरूप रकम रू.५०,०००/- (पचास हजार) मात्र यस नगरपालिकाको खेलकुद सामाग्री वितरण, खेल प्रायोजन तथा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिका अन्तर्गत वडा नं. ६ स्थित सावित्री शर्मा समेतको संयुक्त निवेदन अनुसार सोही वडा स्थित जयन्ती गाउँ तर्फ जाने बाटोबाट दक्षिणतर्फ भिमसेनटार चाकलपुर हाइटसम्म करिव २०० मि.मा ढल हाल्न आवश्यक भएकोले ढल पाईप उपलब्ध गरी पाउँ भनि सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. १८२९, मिति २०८१/१०/१० गतेको पत्रबाट लेखि आएकोले उक्त कार्यमा खन्ने पुर्ने तथा मंगल राख्ने कार्य उपभोक्ताबाटै गर्ने गरी प्राविधिक ल.ई. बमोजिम नगरपालिकाको ढल, पाईप, बाजागाजा, ट्यांकी खरिद खर्च शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी पाईप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९
नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिकको आम्दानी तथा खर्चको समिक्षा गरी नगरपालिकाको वेवसाइट तथा सूचना पाटी मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. १०
नगरपालिका भित्रका सरकारी/सार्वजनिक जग्गा संरक्षण गर्न सर्वप्रथम जग्गा रेखाङ्कन गरी छुट्याउने कार्य गर्नुपर्ने भएको साथै सोको लागि नगरपालिकामा उपप्रमुखज्यूको संयोजकत्वमा एक समिति समेत गठन भएको, उक्त समितिको पहलमा केही काम अगाडि बढेको भएता पनि धेरै कित्ता तथा अप्ठेरो भौगोलिक अवस्थाका जग्गाहरू छुट्याउन कार्यालयको मौजुदा जनशक्तिबाट सम्भव नहुने र नापी कार्यालयबाट समेत एकै पटक ठूलो परिमाणमा काम गर्न प्राविधिक सहयोग नहुने भएको हुँदा परामर्श सेवा खरिदको माध्यमबाट उक्त कार्य गराउने तथा उक्त कार्यको लागि आवश्यक रकम यस नगरपालिकाको सेवा र परामर्श खर्च शिर्षक नं. २२४११मा विनियोजित रकममध्येबाट खर्च हुने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११
यस नगरपालिका वडा नं. ७ बस्ने सुन्दर लामाको मिर्गौला प्रत्यारोपण गर्नुपर्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग गरी पाउँ भनि सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. १०४५, मिति २०८१/०९/१२ गतेको पत्रबाट लेखि आएकोले निजलाई आर्थिक सहयोग स्वरूप रकम रू. १०,०००/- यस नगरपालिकाको आर्थिक सहायता शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२
यस नगरपालिका ८ नं. वडा कार्यालय, दिव्य संजिवनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. र जापान अकुपंचर सोसाईटीको प्राविधिक सहयोगमा मिति २०८१/०८/०६ गतेदेखि मिति २०८१/०८/१० गतेसुम्म सञ्चालित निःशुल्क Acupanture, Moxibustion, Acupressure and Cupping Therapy शिविर कार्यक्रम सञ्चालन गर्दा भएको खर्च रकम रू.१७,०००/- (सत्र हजार) मात्र भुक्तानी गरी पाउँ भनि दिएको निवेदन अनुसार उक्त रकम यस नगरपालिकाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उल्लेखित रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३
नागार्जुन नगरपालिका वडा नं. २ स्थित साविक इचंगुनारायण ६ कित्ता नं. २३१ (५९), १८३ र १८१ सिट नं. ९ (ख) को जग्गा नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय, कलंकीको नाममा सिफारीस गर्ने निर्णय गरियो । साथै उक्त जग्गामा शहरी स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १४
यस नगरपालिका अन्तर्गत वडा नं. ८ स्थित नाम्टु धारो खानेपानी उपभोक्ता समितिको निवेदन अनुसार उक्त समितिको खानेपानी पाईप लाईन बाढी पहिरोका कारण क्षति पुगेकोले प्राविधिक ल.ई. बमोजिम २० एम.एम.को ६०० मिटर पाईप यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा विनियोजित बजेटबाट खर्च हुने गरी पाईप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

यस नगरपालिका वडा नं. १ माईक्रोपार्क नजिक घ्वाङ्ग खोला स्थित सडकको वाल भत्केको हुँदा तत्काल मर्मत सम्भार गर्नको लागि प्राविधिक ल.ई. बमोजिम प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १६

यस नगरपालिका वडा नं. २ मा रहेको वनदेवि मन्दिरको लागि अघिल्लो बैठकमा गजुर र मुर्ति खरिद गर्न रू.१ लाख विनियोजन भएकोमा उक्त कार्यको लागि रकम अपुग भएकोले थप रू.१ लाख विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १७

यस नगरपालिका वडा नं. ९ स्थित मुल तथा शाखा सडकहरूको ढल तथा मंगलमा लेदो माटो जम्मा भएकोले ढल जाम भई बस्तीहरूमा दुर्गन्ध भई सोबाट रोग फैलन सक्ने भएकोले उक्त ढल तथा मंगल सरसफाई एवम् मर्मत गर्नको लागि प्राविधिक ल.ई. बमोजिम प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १८

यस नगरपालिकामा कार्यरत अधिकृत छैठौं श्री नारायण प्रसाद तिमिल्सिनाले आफ्नो सेवाबाट मिति २०८१/१०/१५ बाट लागू हुने गरी स्वनिवृत्त हुन मिति २०८१/१०/१३ मा निवेदन पेश गरेको हुँदा निज मिति २०५३/०२/१४ मा अस्थायी नियुक्त भई कार्यरत रहँदै आएकोमा मिति २०६४/०४/०१ गतेदेखि लागू हुन गरी स्थायी नियुक्ति भई मिति २०८१/१०/१४ गतेसम्म कार्यरत रहँदा निजको सेवा अवधि २८ वर्ष ६ महिना भएकोमा स्थानीय स्वायत्त शासन नियमावली, २०५५ बमोजिम र नागार्जुन नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली, २०७५ (पहिलो संशोधन सहित २०८१) को नियम ३.२ (च) बमोजिम पाउने सेवा सुविधा उपलब्ध गराई बिदाई गर्ने निर्णय गरियो ।

